# सुनिलस्मृति गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थबाङ/सुलिचौर, रोल्पा

लुम्बिनी प्रदेश, नेपाल

## राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवसको शुभकामना

"विविध स्वास्थ्य क्रियाकलापहरुमा राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाको भूमिका, स्वस्थ समाज निर्माणमा सहभागिता" भन्ने मूल नाराका साथ मनाउन लागिएको २१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस-२०८१ विविध कार्यक्रमका साथ मनाउन गइरहेका छौं । मुलुकभर करिब ५२ हजार र यस गाउँपालिकामा ५५ जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुले स्वास्थ्य क्षेत्रमा पुऱ्याएको योगदान गाउँपालिका साथै मुलुकभर प्रशंसायोग्य रहेको छ । नेपालमा मातृ मृत्युदर र बाल तथा शिशु मृत्युदर उल्लेख्य मात्रामा घटाउने कार्यमा महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुको महत्त्वपूर्ण भूमिका रहेको छ ।

यस गाउँपालिका भित्रका महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुबाट नियमित खोप एवम् राष्ट्रियस्तरका विभिन्न स्वास्थ्य अभियान लगायत गाउँपालिकास्तरीय स्वास्थ्य, सरसफाइ लगायतका जनचासो एवम् सरोकारका क्षेत्रहरुमा महत्वपूर्ण योगदान पुऱ्याउदै आउनुभएको छ ।

२१ औं राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका दिवस-२०८१ को यस सुखद अवसरमा सुनिलस्मृति गाउँपालिका क्षेत्र लगायत देशभरका तमाम महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरुप्रति हार्दिक शुभकामना गर्दछु ।

२० मंसिर २०८१

..............................

(मणिराम वुढाथोकी)

अध्यक्ष

मणिराम बुढाथोकी
अध्यक्ष